# धरान उपमहानगरपालिका

## स्थानीय राजपत्र

खण्डः ३ | धरान उपमहानगरपालिकाद्वारा प्रकाशित | संख्याः २

मितिः २०७६।०३।२५

**भाग १**

**धरान उपमहानगरपालिका**

**विनियोजन ऐन, २०७६**

आज्ञाले

विनोद कुमार पोखरेल

प्रमुख प्रशासकिय अधिकृत

# धरान उपमहानगरपालिकाको विनियोजन विधेयक, २०७६

प्रस्तावनाः

धरान उपमहानगरपालिकाको आर्थिक बर्ष २०७६।०७७ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२९(२) बमोजिम धरान उपमहानगरपालिकाको नगर सभाले यो ऐन बनाएको छ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस ऐनको नाम " धरान उपमहानगरपालिकाको विनियोजन ऐन, २०७६" रहेको छ ।

(२) यो ऐन सम्बत २०७६ श्रावण १ बाट प्रारम्भ हुनेछ ।

२. आर्थिक वर्ष २०७६।०७७ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकारः (१)आर्थिक वर्ष २०७६।०७७ को निमित्त नगरकार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूचीमा उल्लिखित चालू खर्च, पूँजिगत खर्च र वित्तीय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु. १,७७,९१,००,००० (अक्षरेपी एक अर्ब सतहत्तर करोड एकानब्बे लाख रुपैयाँ मात्र) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि नगर सभाबाट बजेट स्वीकृत भइसकेपछि संघीय सरकार, प्रदेश सरकार, अन्य स्थानीय सरकार वा अन्य विभिन्न संघसंस्था वा निकायसँग सम्झौता भई वा नभई थप बजेट निकासा भएकोमा उक्त रकम खर्च गर्न सकिनेछ। यसरी प्राप्त रकमबाट भएको खर्च आर्थिक विवरण तयार पार्दा समावेश गर्नु पर्नेछ।

३. विनियोजनः (१) यस ऐनद्धारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७६।०७७ को निमित्त नगर कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ।

(२) पूँजीगत खर्च तर्फको विभिन्न शीर्षकमा उल्लिखित रकममध्ये कुनै एक शीर्षकमा विनियोजित रकम अपुग हुने र कुनै अर्को शीर्षकमा विनियोजित रकम बढी हुने भएमा अपुग हुने शीर्षकमा विनियोजित रकमको २५% मा नबढाई बढी हुने शीर्षकबाट रकमान्तर गरिनेछ।

(३) चालु खर्च तर्फ विभिन्न शीर्षकहरुमध्ये कुनै एक शीर्षकमा रकम अपुग हुने र कुनै अर्को शीर्षकमा रकम बढी हुने भएमा अपुग हुने शीर्षकमा विनियोजित रकमको २५% रकममा नबढाई बढी हुने शीर्षकबाट रकमान्तर गरिनेछ।

(४) पूँजीगत तथा चालु खर्च शीर्षक अन्तर्गत एउटै खर्च शीर्षकका विभिन्न कार्यक्रमहरुमा विनियोजित रकमलाई एक कार्यक्रमबाट अर्को कार्यक्रममा रकमान्तर गर्दा जतिसुकै रकम रकमान्तर गर्न सकिनेछ।

(५) माथि दफा (२) र (३) मा जुनसुकै कुरा लेखिएको भएता पनि पूँजीगत खर्च शीर्षकबाट चालु खर्च शीर्षकमा रकमान्तर गरिने छैन।

(६) वित्तीय व्यवस्था तर्फ ऋणको साँवा तथा व्याज भुक्तानी खर्च शीर्षकमा अपुग हुने रकम जुनसुकै शीर्षकबाट रकमान्तर गर्न सकिनेछ।

(७) चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ।

४. पूरक अनुमानः (१) यस ऐन अनुसार नगर सभाबाट बजेट स्वीकृत भईसकेपछि सञ्चित कोषमा प्राप्त हुने अनुमान गरिएको रकम सारभूत रुपमा प्राप्त नभई वा नहुने पर्याप्त कारण भएको कार्यपालिकाले अनुमान गरेमा कुनै खर्च शीर्षकमा विनियोजन भएको रकम घटाउने वा हटाउने गरी नगर सभाले पूरक बजेट बनाउन सक्नेछ।

प्रमाणिकरण गर्नेः

मञ्जु भण्डारी (सुवेदी)

मितिः २०७६/०३/२५